# संसदको प्रभावकारितामा संसदीय दलको भूमिका



नारायणप्रसाद ढकाल ✍

**सारांश**

संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका सांसदहरूको समूहलाई संसदीय दल वा संसदीय समूह भनिन्छ । सम्बन्धित राजनीतिक दलको तर्फबाट निर्वाचित सांसदहरू त्यस्तो दलले गठन गरेको संसदीय दलको स्वतः सदस्य हुन्छन् । संसदीय दलले आफ्नो विधान वा नियमावलीको निर्माण गरी राजनीतिक दलको केन्द्रीय समितिबाट अनुमोदन गराई सो अनुरूप आफ्नो कामकारवाही सञ्चालन गर्दछ । विधान वा नियमावली बमोजिम कार्य समिति, लेखा समिति, अनुशासन समिति लगायतका विभिन्न संरचनाहरू खडा गरिएको हुन्छ । लोकतान्त्रिक विधिको आधारमा संसदीय दलले नेता छनौट गर्ने र नेताले आफ्नो कार्यमा सहयोग पुर्‍याउनका लागि उपनेता, मुख्य सचेतक/प्रमुख सचेतक र सचेतक लगायतका पदाधिकारीहरू मनोनयन गर्दछ । राजनीतिक दलको विधान, नीति, कार्यक्रम र निर्वाचनको बेला गरिएका प्रतिबद्धता अनुरूप संसदका काम कारबाहीहरूमा सक्रियतापूर्वक क्रियाशील रहने र संसदीय मर्यादा र मान्यता अनुरूप संवादको माध्यमबाट अन्य लोकतान्त्रिक राजनीतिक दलहरूसँग पारस्परिक सहयोग र समझदारी विकास गर्नु संसदीय दलको उद्देश्य हुन्छ । संसदीय दल सम्बन्धित राजनीतिक दलको व्यवस्थापिकीय प्रतिनिधि भएकोले दलको नीति अनुरूप संसदमा सक्रिय रहनु, राजनीतिक विवाद र असमझदारीहरूलाई संवाद र छलफलको माध्यमबाट समाधान वा निष्कर्षमा पुर्‍याउनु संसदीय दलका प्रमुख कार्यहरू हुन् ।

## पृष्ठभूमि

संसद (Parliament) शब्द फ्रेञ्च भाषाको 'Parler' भन्ने शब्दबाट उत्पत्ति भएको हो, जसको अर्थ 'A Talk' अर्थात् बहस गर्नु भन्ने हुन्छ । संसद जनताद्वारा चुनिएका प्रतिनिधिहरूको औपचारिक सङ्गठन हो जहाँ राष्ट्र र जनताका तमाम समस्या, पीरमर्का र शासकीय सेवाको स्थितिको बारेमा बहस

✍ उपसचिव, संघीय संसद सचिवालय

र छलफल हुन्छ । कानूनको निर्माण गर्नु, बजेट पारित गर्नु, सरकारको नीति तथा कार्यक्रम स्वीकृत गर्नु र कार्यकारिणीको काम, कारबाहीको अनुगमन र नियन्त्रण गर्नु यसको मुख्य काम हो ।

संसदको कामलाई सुव्यवस्थित गर्न र सार्वजनिक नीति निर्माणका लागि राजनीतिक दलहरू प्रमुख माध्यमका रूपमा रहेका हुन्छन् । राजनीतिक दलहरूले संसदमा आफ्नो दलको तर्फबाट प्रतिनिधित्व गरेका सांसदहरू समावेश भएको समूह गठन गरेका हुन्छन् । संसदमा सँगै बस्ने कुनै खास राजनीतिक दलका सांसदहरूको यस्तो समूहलाई 'संसदीय दल' वा 'संसदीय समूह' (Parliamentary Party or Parliamentary Group) भनिन्छ । कुनै पनि संसद प्रभावकारी ढङ्गले सञ्चालन हुनका लागि संसदीय दल वा संसदीय समूहहरू प्रभावकारी ढङ्गबाट चल्नुपर्दछ ।संसदीय दल वा संसदीय समूह राजनीतिक दलको व्यवस्थापिकीय प्रतिनिधि हो जो निर्वाचनको बेलामा आफ्नो राजनीतिक दलले गरेको प्रतिबद्धता तथा मूल्य, मान्यताहरूको स्थापनाका लागि प्रयासरत रहन्छ ।

संसदीय दलले निर्वाह गर्ने भूमिका, उत्तरदायित्व, जिम्मेवारी, कार्यकुशलता, दूरदर्शिता आदिले मात्र सदन सञ्चालन गर्ने एउटा वृहत् कार्ययोजना सफलतापूर्वक सम्पन्न हुन सक्दछ।आफू संलग्न राजनीतिक दलको उद्देश्य प्राप्त गर्नका लागि संसदमा प्रभावकारी रूपमा क्रियाशील रहन र संसदीय मर्यादा र मान्यता अनुरूप राजनीतिक दलहरूबीच पारस्परिक सहयोग र समझदारी विकसित गरी शासन व्यवस्थालाई नै सफल र प्रभावकारी तुल्याउनमा संसदीय दलहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

**संसदीय दल**

संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूले आफ्नो दलको तर्फबाट संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरू समावेश गरी गठन गरेको समूहलाई संसदीय दल वा संसदीय समूह भनिन्छ । सन् १९२२ मा बेलायतको संसदको तल्लो सदन (House of Commons) मा प्रतिनिधित्व गर्ने Conservative Party का Backbench MPs हरू संसदको अधिवेशन चलेको बेलामा साप्ताहिक रूपमा बैठक बस्ने गर्दथे । उनीहरूले Frontbench MPs हरूलाई पनि खुला रूपमा बैठकमा आमन्त्रण गरी आफ्नो धारणा प्रस्तुत गर्दथे । बैठकले पार्टीको नेता चयनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै सहमतिमै कार्यकारी सदस्यहरू चयन गर्‍यो । दुवै थरी सांसदहरूबीच समन्वय र छलफलका लागि यस्ता बैठकहरू महत्वपूर्ण हुँदै गए । फलस्वरूप विश्वमै सर्वप्रथम सन् १९२३ मा Conservative Party को तर्फबाट House of Commons मा प्रतिनिधित्व गर्ने सम्पूर्ण सांसदहरूको संलग्नतामा औपचारिक रूपमै संसदीय समूह गठन भयो । सन् १९४० देखि संसदीय दल वा संसदीय समूहको महत्व अझ बढेर गयो ।

नेपालमा प्रतिनिधि सभामा बहुमत प्राप्त गर्ने संसदीय दलको नेता प्रधानमन्त्री हुने र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने संवैधानिक व्यवस्था रहेको छ । त्यसैगरी नेपालमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ अनुसार संघीय संसद वा प्रदेश सभाको निर्वाचनमा कम्तीमा दुई स्थानमा

निर्वाचित भई प्रतिनिधित्व गर्ने दलले संसदीय वा प्रदेश संसदीय दलको गठन गर्न सक्दछन् । सो ऐन अनुसार सम्बन्धित दलबाट निर्वाचित भई संघीय संसद वा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद स्वतः सम्बन्धित दलको सदस्य हुन्छन् । त्यसैगरी स्वतन्त्र रूपमा संघीय संसद वा प्रदेश सभामा निर्वाचित व्यक्तिले कुनै राजनीतिक दलको सदस्यता लिएमा निज पनि स्वतः त्यस्तो राजनीतिक दलको संसदीय दलको सदस्य हुने व्यवस्था छ ।

नेपालमा संसदमा प्रतिनिधित्व गरेका राजनीतिक दलहरूका संसदीय दलहरूको विधान अध्ययन गर्दा संसदीय दल वा संसदीय समूहको गठन देहाय बमोजिम हुने देखिन्छ :

१. आफ्नो राजनीतिक दलको तर्फबाट निर्वाचित सम्पूर्ण संसद सदस्य,
२. नेपालको संविधानको धारा ८६ (२) (ख) बमोजिम नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत आफ्नो राजनीतिक दलको सदस्य,
३. राजनीतिक दलको संसदीय दलको नीति, कार्यक्रम र विधानलाई स्वीकार गरी दलसँग एकता गरेका वा समाहित भएका वा दल प्रवेश गरेका संसदका अन्य सदस्य,
४. संसदीय दल सरकारमा रहेको अवस्थामा दलको तर्फबाट मन्त्रिपरिषद्मा रहेका मन्त्रीहरू (पदेन सदस्य) ।

**नेपालमा संसदीय दलको कार्यालय सञ्चालन सम्बन्धी कानूनी व्यवस्था**

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा संसदीय दलको कार्यालय सम्बन्धी व्यवस्था गरिएको छ । जसअनुसार संघीय संसद सचिवालय वा प्रदेश सभा सचिवालयले संसदीय दलको कार्यसम्पादनको लागि कार्यालय स्थापना गर्न आवश्यक व्यवस्था गर्नुका साथै आवश्यक स्रोत साधन संसदीय दललाई उपलब्ध गराउनु पर्दछ ।

प्रतिनिधि सभा नियमावली, २०७५ मा प्रतिनिधि सभामा प्रतिनिधित्व भएका राजनीतिक दलको संसदीय दलको कार्यालय संघीय संसद सचिवालय परिसरमा रहने व्यवस्था रहेको छ । प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका सांसदहरूको संख्याको आधारमा कार्यव्यवस्था परामर्श समिति (Business Advisory Committee) को सिफारिसमा सभामुखको निर्देशानुसार सचिवालयले यी कार्यालयको सञ्चालन सम्बन्धी व्यवस्था मिलाउँदछ।

राष्ट्रिय सभा नियमावली, २०७५ मा संसदीय दलको कार्यालय सम्बन्धमा कुनै व्यवस्था गरिएको पाइँदैन । यद्यपि राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम संघीय संसद सचिवालयले सिंहदरबारस्थित संघीय संसद सचिवालय परिसरमा संघीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको संसदीय दलको कार्यालयको स्थापना सम्बन्धी व्यवस्था मिलाउनुका साथै आवश्यक स्रोत साधन उपलब्ध गराउँदै आएको छ ।

उपर्युक्त संघीय संसदका नियमावलीहरू बमोजिम संसदका सदस्यहरूले व्यक्तिगत विवरण फारम भरेर संघीय संसद सचिवालयमा पेश गर्नुपर्दछ । त्यसैगरी सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको नेताले निम्न विवरण सचिवालयमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ :

१. आफ्नो दलका सांसद सदस्यहरूको नाम र विवरण,
२. सचिवालयसँग दलको तर्फबाट लेखापढी गर्न अधिकृत गरिएका बढीमा दुईजना सदस्यको नाम र दस्तखत नमूना,
३. सम्बन्धित राजनीतिक दलको विधान वा नियमको एक प्रति,
४. सम्बन्धित संसदीय दलको छुट्टै विधान वा नियम भए सोको एक प्रति ।

उल्लिखित विवरण परिवर्तन भएमा वा प्रतिनिधि सभाको कार्यकालमा कुनै दल गठन भएमा सो दलको नेताले सामान्यतया सात दिनभित्र उपरोक्त विवरण संघीय संसद सचिवालयमा उपलब्ध गराउनु पर्दछ ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा संघीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) मा प्रतिनिधित्व गर्ने राजनीतिक दलले संसदीय दल गठन गर्न सक्ने र त्यस्तो राजनीतिक दलको तर्फबाट निर्वाचित सम्पूर्ण सांसदहरू स्वतः संसदीय दलको सदस्य रहने व्यवस्था हुँदाहुँदै पनि राष्ट्रिय सभा नियमावली, २०७५ यस सम्बन्धमा मौन रहनु, प्रतिनिधि सभा नियमावली, २०७५ मा सो सभामा प्रतिनिधित्व गर्ने दलको संसदीय दलको कार्यालय रहने र ती दलहरूका सांसदहरूको सङ्ख्याको आधारमा कार्यालय सञ्चालन सम्बन्धी व्यवस्था मिलाउने उल्लेख हुनु, राष्ट्रिय सभामा सत्ता पक्षका नेता, विपक्षी दलका नेता, सत्ता पक्षको मुख्य सचेतक जस्ता संसदीय पदाधिकारीको चयनमा राष्ट्रिय सभाका सांसदहरूको भूमिका नहुनु र प्रतिनिधि सभाका सांसदहरूले मात्र चयन गरेको संसदीय दलको नेताबाट नै राष्ट्रिय सभातर्फ त्यस्ता पदाधिकारीहरू मनोनित वा छनौट हुने कानूनी प्रावधानले राष्ट्रिय सभाका सांसदहरूले संसदमा खेल्न सक्ने भूमिकालाई गौण ठानिएको प्रतीत हुन्छ ।

**संसदीय दलको भूमिका**

आफू संलग्न राजनीतिक दलको उद्देश्य प्राप्त गर्न संसदमा प्रभावकारी रूपमा क्रियाशील रहनु, संसदीय दल र संसदीय दलका सदस्यहरूको कामकारवाहीलाई व्यवस्थित गर्नु र संसदीय मर्यादा र मान्यता अनुरूप राजनीतिक दलहरूबीच पारस्परिक सहयोग, समझदारी र सहकार्यलाई विकसित गर्नु संसदीय दलको प्रमुख उद्देश्य रहेको हुन्छ ।

संसदीय दलले आफ्नो काम, कर्तव्य र अधिकार सम्पादन गर्नका लागि कार्यसमिति गठन गरेका हुन्छन् । यस्ता कार्यसमितिका बैठकहरूमा दलका नेताहरूले दैनिक प्रश्नोत्तरकालमा के-के प्रश्न राख्ने भन्ने सम्बन्धमा, सञ्चार माध्यमसँगको सम्बन्ध तथा व्यवस्थापन कार्यप्रक्रियामा रहेका विधेयकका सम्बन्धमा रणनीति तय गर्दछन् ।

संसदीय दल जनता र आफ्नो राजनीतिक दलप्रति उत्तरदायी हुन्छ। आफूसम्बद्ध राजनीतिक दलको नीति र निर्णयहरू पालना गर्नु संसदीय दलको कर्तव्य हुन्छ । संसदीय दलले आफ्नो विधान तथा नियमावली बनाई राजनीतिक दलको केन्द्रीय कमिटीबाट अनुमोदन गराएर सो अनुरूप काम कारबाही सम्पादन गर्ने गर्दछ ।

लोकतान्त्रिक विधिका आधारमा संसदीय दलले नेता र उपनेता चयन गर्दछ । नेताले प्रमुख सचेतक र सचेतक नियुक्त गर्दछ। राजनीतिक दलको तर्फबाट संसदमा गरिने काम कारबाहीलाई प्रभावकारी बनाउन सिङ्गो संसदीय दल लगायत नेता, उपनेता, सचेतक र उपसचेतक क्रियाशील रहने गर्दछन् ।

संसदीय दल सांसदहरूको आवाज सिर्जना गर्ने सशक्त अङ्ग हो । यसले सांसदलाई व्यक्तिगत रूपमा उनीहरूको विचार वा मत प्रकट गर्ने अवसर प्रदान गर्दछ । सांसदहरूबीच चलेको महत्वपूर्ण छलफललाई निष्कर्षमा पुर्‍याउनका लागि आन्तरिक रूपमा छलफल गर्ने र छलफलबाट निस्केको निर्णयलाई स्वीकार गर्ने प्रवृत्तिले संसदीय दललाई राम्रो गर्दछ । संसदीय दलका बैठकमा हुने छलफल गोप्य रूपमा हुने हुनाले यस्ता छलफल जीवन्त रूपमा हुने गर्दछन् । जनताले प्रत्येक दलको अन्तिम धारणा मात्रै थाहा पाउँदछन् । व्यक्तिगत रूपमा सांसदको कुनै मुद्दाविशेषमा कस्तो धारणा वा अडान रहेको हुन्छ भन्ने कुरा जनताले थाहा पाउँदैनन् । यसप्रकार संसदमा छलफलमा जानुभन्दा पहिले कुनै विधेयक वा कुनै मुद्दा विशेषमा संसदीय दललाई गहन छलफल गरी सर्वसम्मतिमा पुग्न यो नै एउटा उचित स्थल हुन्छ ।

संसदीय दलको भूमिकालाई मुख्य रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**क. राजनीतिक दलको नीति अनुरूप संसदमा क्रियाशील रहनुः** आफ्नो राजनीतिक दलको सिद्धान्त, नीति, निर्देशन तथा घोषणापत्र अनुरूप संसदको कार्यमा संसदीय दल क्रियाशील रहन्छ । आफ्नै संसदीय दलले सरकार गठन गरेको अवस्थामा सरकारका नीति तथा कार्यक्रमप्रति संसदभित्र र बाहिर सहमति र समर्थनको वातावरण सिर्जना गर्न प्रयासरत रहन्छ । प्रतिपक्षी दलको रूपमा रहेको अवस्थामा सरकारद्वारा घोषित नीति, कार्यक्रम, औचित्य तथा उपादेयताका विषयमा दृष्टिकोण निर्माण गरी वैकल्पिक कार्यक्रम निर्धारण गर्दछ । प्रतिपक्षले सरकारका कामकारवाही उपर सूक्ष्म निगरानी गर्न छायाँ सरकार (Shadow Government) गठन गरी मन्त्रालयबाट भएका राम्रा कामको जानकारी राख्ने, कमीकमजोरी र अनियमिततालाई जनसमक्ष ल्याउने कार्य गर्दछ ।

**ख. कानून निर्माण गर्ने कार्यमा निरन्तर अग्रसरता लिनुः** संसदीय दलले कानून निर्माण गर्ने कार्यमा निरन्तर अग्रसरता लिने गर्दछ । राष्ट्र र जनताको हितमा नदेखिएका विधेयकहरूमा संशोधन प्रस्ताव दर्ता गराई संशोधन प्रस्ताव पारित गराउन वा विधेयक फिर्ता गर्न लगाउने भन्ने सम्बन्धमा संसदीय दल छलफलको उपयुक्त थलोको रूपमा रहेको हुन्छ । आफ्नै संसदीय दलले सरकार गठन गरेको अवस्थामा संसदद्वारा निर्मित कानून, स्वीकृत नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका सम्बन्धमा

अध्ययन गरी सरकारलाई सुझाव दिने वा आवश्यक सहयोग पुर्‍याउने गर्दछ । त्यसैगरी प्रतिपक्षी दलको रूपमा रहेको अवस्थामा संसदबाट पारित कानून तथा स्वीकृत नीति तथा कार्यक्रम अनुरूप काम भए वा नभएको अध्ययन गरी संसदको जानकारीमा ल्याउने गर्दछ।

**ग. संसदीय रणनीति तयार गर्नुः** संसदको बैठकमा हुने छलफलले प्रत्येक संसदीय दल वा समूहलाई आफ्नो दलको एजेण्डा सार्वजनिक र प्रचारप्रसार गर्न अवसर प्रदान गर्दछ । बैठकहरूमा प्रश्नोत्तरको समयमा सांसदहरूले सरकारका मन्त्रीहरूलाई उनीहरूको नीति बारे प्रश्न गर्दछन् । प्रत्येक संसदीय दलले उनीहरूले प्रत्येक दिन उठाउने विषय वा मुद्दाहरूको प्राथमिकता निर्धारण गर्नुपर्दछ । यो प्रश्नोत्तरकालले प्रतिपक्षी संसदीय दललाई आफ्नो धारणा वा अडान प्रचार गर्न र सरकारको धारणा वा अडानलाई चुनौती दिन एउटा अद्वित्तीय अवसर प्रदान गर्दछ । संसदीय दलको दैनिक रणनीति तय गर्ने कार्यको केही अंश भनेको कुन विषय वा मुद्दा राजनीतिक रूपमा दलका लागि अति महत्वपूर्ण हुन्छन् भनी निर्णय गर्नु नै हो । यी मुद्दा तत्पश्चात् प्रश्नोत्तरकालमा महत्वका साथ उठाइन्छ । यसप्रकार संसदीय दलले संसदको दुवै सदनमा पार्टीको तर्फबाट कसरी प्रस्तुत हुने भन्ने विषयमा आवश्यक रणनीति तय गर्दछ । संसदीय दलले संसदमा विचारार्थ कुनै पनि विषयमा पार्टीको नीति अनुरूप दृष्टिकोण निर्धारण गरी त्यसप्रति अन्य दल तथा सदस्यको सहमति र समर्थन जुटाउन प्रयास गर्दछ । संसदीय दल वा संसदीय समूहले नियमित रूपमा भेटघाट गरेर सदस्यहरूबीच काम कारबाहीहरूको बारेमा समन्वय गर्दछ। साथै संसदभित्रका गतिविधिका सम्बन्धमा जनतामाझ प्रचारप्रसार गर्ने कार्य गर्दछ।

**घ. जनताको प्रतिनिधित्व गरी संसदमा आवाज उठाउनुः** संसदीय दल आफूलाई निर्वाचित गरी पठाउने नागरिकहरूसँग सदैव संवादमा रही उनीहरूप्रति उत्तरदायी हुनुपर्दछ । नागरिकको भावनाको प्रतिनिधित्व हुने गरी कार्य गर्नुपर्दछ । संसदीय दलले संसदीय दलको बैठकमा छलफल गरी के-कस्ता कुराहरू संसदको बैठकमा उठाउने भन्ने निक्यौंल गर्दछन् । संसद चलेको बेलामा उठान गर्नुपर्ने सवालको बारेमा संसदीय दलले विज्ञ तथा सरोकारवालाहरूसँगको सम्पर्क सञ्जाल निर्माण गर्दछन् जसले गर्दा उठान गर्नुपर्ने विषयको बारेमा राम्रो ज्ञान हुन्छ । सो अनुरूप राष्ट्र र जनताका सामु विद्यमान समस्या र चुनौतीहरूका सम्बन्धमा संसदका बैठकहरूमा संसदीय दलका सदस्यहरूले जोडदार रूपमा आवाज उठाउँदछन् जसले गर्दा समस्या समाधानमा सहयोग पुग्दछ। संसदीय दलले सर्वसाधारणसँग संसदीय दलको नीतिका सम्बन्धमा वृहत्तर छलफल गरी राय- सुझाव र पृष्ठपोषण समेत लिने गर्दछ । यो यस्तो गन्तव्य हुनुपर्दछ जहाँ नागरिकहरूले उनीहरूको सरोकार र विचारहरू स्वस्फूर्त रूपमा प्रस्तुत गर्न सकून् र संसदीय दलले त्यसैका आधारमा तिनका प्राथमिकता नै बदलून् ।

**ङ. संसदीय दलभित्र अनुशासन कायम राख्नुः** दलीय अनुशासन त्यस्तो अवधारणा हो जसले सांसदहरूले सम्बन्धित दलको निर्णयानुसार मतदान गर्नु पर्दछ भन्ने मान्यता राख्दछ । संसदीय प्रणालीमा विशेषगरी दलीय अनुशासन निकै महत्वपूर्ण हुन्छ । सरकारमा रहेको दलका सांसदहरू जसले आफ्नो

दलको पक्षमा मतदान गर्दैनन् भने तिनले सरकार ढाल्न सक्दछन् र संसद भङ्ग गर्नुपर्ने परिणाम निस्कन सक्दछ । दलका नेताहरूले यस्ता सांसदलाई जोखिम वा डरको रूपमा लिन्छन् र अर्को निर्वाचनका लागि उम्मेदवार हुनबाट वञ्चित गर्न सक्दछन् । तसर्थ संसदीय दलमा अनुशासन कायम राख्न संसदभित्रभन्दा पनि संसदीय दल (संसदीय दलका बैठकहरूमा) मा महत्वपूर्ण निर्णय गरिन्छ । दलभित्र अनुशासन व्यवस्थालाई कायम राख्न अनुशासन समिति गठन गरी अनुशासन भङ्ग गर्ने सदस्यका विरूद्ध अनुशासनको कारवाही गर्ने निर्णय गरिन्छ ।

संसदीय दलको मुख्य सचेतक (Chief Whip) ले आफ्ना सांसदहरूलाई सदनमा कसरी एकढिक्का भएर प्रस्तुत हुने भन्ने विषयमा आवश्यकतानुसार निर्देशन (Whip) जारी गर्दछ । यस अन्तर्गत छलफलमा बोल्ने क्रम/आदेश, समयमा प्रश्न गर्ने, विधेयकको पुनरावलोकन र सम्भावित संशोधनको पक्ष लिने र मतदानका विषय आदि पर्दछन् ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ अनुसार संसदीय दलको नेताको निर्देशन बमोजिम सचेतकले देहायका प्रस्तावमा संसदमा हुने मतदानमा पक्ष वा विपक्षमा मतदान गर्न संसदीय दलको सदस्यलाई निर्देशन जारी गर्न सक्ने र सदस्यहरूले सो निर्देशनको पालना गर्नुपर्ने व्यवस्था रहेको छ :

क. सरकारको विश्वास वा अविश्वासको प्रस्ताव,
ख. सरकारको नीति तथा कार्यक्रम स्वीकृत गर्ने विषय,
ग. वार्षिक बजेट पारित गर्ने विषय,
घ. राष्ट्रिय वा सार्वजनिक महत्वको अन्य कुनै विषय ।

**च. आपसी संवादको माध्यमबाट समझदारी कायम गर्नुः** संसदीय दलका सचेतकलाई अन्य संसदीय दलका सचेतकसँग कुनै खास विषयमा संवाद तथा अनौपचारिक कुराकानी गर्न जिम्मेवारी दिइएको हुन्छ । संसदीय दलको यस्तो कार्यले संसदमा उठान हुने विषयमा राजनीतिक तनाव र असमझदारीको वातावरण अन्त्य गरी हरेक सवालहरूमा आवश्यक छलफलपश्चात् निष्कर्षमा पुग्ने परिपाटी बस्दछ । यसले प्रकारान्तरमा लोकतान्त्रिक पद्धतिलाई बलियो बनाउँदछ ।

**छ. संसदीय पदाधिकारीहरूको मनोनयन तथा छनौट गर्ने कार्य गर्नुः** संसदीय दलमा प्रतिनिधि सभाका सदस्यहरूले लोकतान्त्रिक विधिका आधारमा आफूहरूमध्येबाट संसदीय दलको नेता निर्वाचित गर्दछन् । आफ्नै संसदीय दलले सरकार गठन गर्ने अवस्था भएमा नेताले सरकारको नेतृत्व गर्दछ । नेताले प्रतिनिधि सभामा आफ्ना सदस्यमध्येबाट मुख्य सचेतक र उपनेता चयन तथा मुख्य सचेतकको सिफारिसमा दुवै सदनका लागि सचेतक मनोनयन गर्दछ । त्यसैगरी प्रतिनिधि सभाको संसदीय दलको नेताले आफ्नो दलबाट राष्ट्रिय सभाको सदस्य भएको व्यक्तिलाई राष्ट्रिय सभाको लागि संसदीय दलको नेता मनोनयन गर्दछ ।

**समस्या**

निम्नलिखित समस्याका कारण संसदीय दलको भूमिका अपेक्षित रूपमा प्रभावकारी बन्न सकेको पाइँदैन :

१. ह्विपका कारण सदस्यहरूले संसद र समितिमा हुने छलफलमा स्वतन्त्रतापूर्वक आफ्नो धारणा र विचार प्रस्तुत गर्न र मतदान गर्न नपाउनु,
२. अनुशासनको कारवाहीको त्रासका कारण आफ्नो संसदीय दलले गठन गरेको सरकारको कमीकमजोरी बारे खुलेर आलोचना गर्न नसक्नु,
३. राजनीतिक दलको माथिल्लो र महत्वपूर्ण जिम्मेवारीमा रहेका संसदीय दलका सदस्यहरूले सदन र समितिका बैठकहरूमा समय कम दिनु,
४. संसदीय निर्वाचनताका उम्मेदवारहरूले जनहितमा कानून निर्माणमा भूमिका खेल्ने प्रतिबद्धताभन्दा पनि आफ्नो क्षेत्रको विकास गर्ने प्रतिबद्धता जनाउने गरेकोले आफ्नो क्षेत्रको विकास निर्माणका कार्यमा बढी ध्यान दिनु,
५. दलभित्र असन्तुष्टिका स्वरहरूलाई छलफल गरी निराकरण गर्ने आन्तरिक लोकतान्त्रिक अभ्यासको कमी हुनु,
६. संसदीय दलले आफ्ना सांसदहरूको विज्ञता र जिम्मेवारीबीच तालमेल मिलाउन नसक्नु,
७. संसदीय प्रक्रिया र कार्यसञ्चालन सम्बन्धी प्रक्रियाका बारेमा सांसदहरू अनभिज्ञ हुनु,
८. संसदीय दलको तर्फबाट सांसदहरूलाई प्रभावकारी प्रस्तुतिका लागि आवश्यक सहयोग तथा उत्प्रेरणाको कमी हुनु,
९. सांसदहरू तयारी विना बैठकमा हुने छलफलमा सहभागी हुँदा छलफल प्रभावकारी नहुनु,
१०. समितिका सदस्यहरूको सदन र समितिका बैठकमा न्यून उपस्थितिका कारण गणपूरक संख्या नै नपुग्ने स्थिति रहनु ।

**सुझाव**

१. सांसदहरूलाई उनीहरूको विज्ञता अनुरूप जिम्मेवारी प्रदान गर्नुका साथै कसरी आफ्ना दलीय कुरा संसदको बैठकमा स्पष्टसँग राख्ने भन्ने बारेमा र संसद तथा संसदीय समितिको कार्य सञ्चालन सम्बन्धी मापदण्डका बारेमा संसदीय दलले सांसदहरूलाई स्पष्ट जानकारी गराउनु राम्रो हुने,
२. संसदको कार्यमा क्रियाशील भइरहन र पूर्ण तयारी साथ सदन/समितिको बैठकमा भाग लिन संसदीय दलले सदस्यहरूलाई निरन्तर प्रेरित गर्ने र आवश्यकतानुसार सहयोग गर्दा राम्रो हुने,
३. सांसदहरू आफ्नो दायित्व बोध गरी पूर्ण तयारीका साथ संसद र समितिको बैठकमा नियमित उपस्थित भई सक्रिय सहभागिता गराउँदा उपयुक्त हुने,
४. संसदको अधिवेशन चलेको बेलामा उठान गर्नुपर्ने सवालको बारेमा छलफल गर्न विज्ञ तथा सरोकारवालाहरूसँगको सम्पर्क सञ्जाल निर्माण गरी उनीहरूको राय सुझाव लिई सो अनुरूप संसद र यसका समितिका बैठकहरूमा प्रस्तुत हुँदा राम्रो हुने,

५. मन्त्रालयहरूबीच कामको बाँडफाँट गरी मन्त्रीहरूले आ-आफ्नो कार्य गरे जस्तै प्रतिपक्षले पनि आफ्ना सांसदहरूलाई छायाँ मन्त्रीको रूपमा कार्यविभाजन गरी सम्बन्धित मन्त्रालयको गतिविधिबारे निरन्तर अनुगमन गर्नु उपयुक्त हुने,

६. कुनै दलले कुनै निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व नगरेको अवस्थामा त्यहाँका जनताको भावना उक्त दलले कसरी सम्बोधन गर्ने भन्ने सम्बन्धमा पनि संसदीय दलले ध्यान दिनुपर्ने,

७. पार्टी नीतिमा नपर्ने तर निर्वाचित क्षेत्र र त्यहाँका जनताको हितमा हुने विषयमा सदनमा हुने छलफल र मतदानमा आफ्नो निर्वाचन क्षेत्र र जनताको हितमा छलफल र मतदान गर्न पाउने वा नपाउने भन्ने प्रश्न विचारणीय भएकाले के कस्ता विषयहरूमा मात्र ह्विप जारी गर्ने भन्ने सम्बन्धमा पुनर्विचार गर्दा उपयुक्त हुने । यसै सन्दर्भमा क्यानडाको रिफर्म पार्टीले मतसर्वेक्षणको माध्यमबाट जनमत बुझेर सोही अनुरूप संसदमा मतदान गर्दछ । त्यसैगरी पोर्चुगलमा दलका सदस्यहरू गर्भपतन विधेयकका विषयमा विभाजित भएका थिए र अन्त्यमा संसदीय दलले आफ्ना सदस्यहरूलाई पक्ष वा विपक्षमा मतदान गर्नु भनी निर्देशन नदिने तथा बहुमतको निर्णयलाई साथ दिने निर्णय गरेका थिए,

८. आफ्नै संसदीय दलले गठन गरेको सरकारका कमजोरी बारेमा संसदीय दलको बैठकमा सदस्यहरूले खुला छलफल गरी सुधारका लागि सुझाव दिने वातावरण बनाउनु पर्ने,

९. राजनीतिक दलका महत्वपूर्ण र माथिल्लो जिम्मेवारीमा रहेका संसदीय दलका सदस्यले समेत सदन र समितिका बैठकमा हुने छलफलमा नियमित सहभागी हुनुपर्ने,

१०. सांसदले विकास निर्माण कार्यमा भन्दा संसदीय प्रक्रियामा बढी ध्यान दिनुपर्ने कारण उनीहरूलाई तजबिजी खर्च गर्न दिने प्रचलनमा पुनर्विचार गर्दा उपयुक्त हुने,

११. संसदीय दलभित्रै पनि खुला छलफल र बहस गरी निर्णयमा पुग्ने परिपाटीको विकास गरी आन्तरिक लोकतन्त्रलाई प्रवर्द्धन गर्नुपर्ने ।

## निष्कर्ष

कानून निर्माण, बजेट पारित, वार्षिक नीति तथा कार्यक्रमको स्वीकृति र कार्यपालिकाको कामकारवाही उपर अनुगमन र नियन्त्रण जस्ता संसदीय जिम्मेवारी निर्वाह गर्न सदन सञ्चालन गर्ने बृहत् कार्ययोजनाको सफल कार्यान्वयन संसदीय दलले खेल्ने भूमिकामा निर्भर रहन्छ । संसदीय दलले निर्वाह गर्ने जिम्मेवारी, उत्तरदायित्व, कार्यकुशलता र दूरदर्शिताले नै संसदमा विधायिकी प्रक्रिया मर्यादित र व्यवस्थित भई संसदको गरिमा बढ्ने र प्रकारान्तरमा लोकतान्त्रिक पद्धतिलाई नै टेवा पुग्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

१. नेपालको संविधान ।
२. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ।

३. प्रतिनिधि सभा नियमावली, २०७५ ।
४. राष्ट्रिय सभा नियमावली, २०७५ ।
५. संघीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूका संसदीय दलका विधानहरू ।
६. संघीय संसद सचिवालयद्वारा प्रकाशित संघीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) सदस्यहरूका लागि जानकारीमूलक पुस्तिका, २०७४ ।
७. wikipedia.org/wiki/1922_Committee
८. "Workshop Report on the Groupe Parliamentaire." NDI Morocco (1998)